नेपाल सरकार
## गृह मन्त्रालय
### शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०७४/१०/१४)

आर्थिक वर्ष ०७४/०७५ को लागि यस मन्त्रालयलाई आवश्यक सुरक्षाचिन्ह (Hologram) दरभाउपत्रद्वारा आपूर्ति गर्नुपर्ने हुँदा इजाजत प्राप्त कम्पनी वा निर्माता कम्पनीका अधिकृत प्रतिनिधि वा विक्रेताहरूबाट के कति दरमा आपूर्ति गर्न सकिन्छ सम्पूर्ण व्यहोरा खोली देहायका शर्तहरुको अधिनमा रही रितपूर्वकको गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ ।

**दरभाउपत्र सम्बन्धी शर्तहरु**

१. दरभाउपत्र फाराम फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता सहितको स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, आ.व. ०७३।०७४ सम्मको कर चुक्ता प्रमाणपत्र, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणापत्र साथै राखि दरभाउपत्र दस्तुर बुझाई प्राप्त गर्न सकिने छ ।
२. दरभाउपत्र जमानत वापतको रकम फारामसाथ स्वीकृतप्राप्त वाणिज्य बैंकबाट कम्तीमा ९० दिन म्याद भएको शर्तरहित बैंक जमानी पत्र (बिड बण्ड) वा को.ले.नि.का.काठमाडौं, भुक्तानी केन्द्र नं. ४ को सिंहदरवारस्थित एभरेष्ट बैंक लि.मा रहेको धरौटी खाता नं. १३५००१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।
३. दर्ता हुन आएका शिलबन्दी फारामहरु यस मन्त्रालयमा दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।
४. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु फाराममा उल्लेख गरिए बमोजिम हुनेछन् ।
५. सो सम्बन्धी अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ एवं अन्य प्रचलित कानून अनुसार हुनेछ ।
६. अन्य थप केही कुराहरु बुझ्नु परेमा यस मन्त्रालयको आन्तरिक व्यवस्था "क" शाखामा कार्यालय समय भित्र सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

| विवरण | बोलपत्र/ दरभाउपत्र | फाराम दस्तुर रू. (सम्वन्धित कार्यालयको आ.प्र.शाखा बाट) फिर्ता नहुने | फाराम पाइने स्थान (कार्यालय समयमा) | बोलपत्र जमानत वापतको रकम | फाराम उपलब्ध हुने मिति | फाराम दर्ता गर्न सकिने स्थान, मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| नेपाली नागरिकताको प्रमाणपत्रमा प्रयोग हुने सुरक्षा चिन्ह (Hologram), छपाई | दरभाउपत्र | १०००।-(तीन सय) | गृह मन्त्रालय, आन्तरिक व्यवस्था "क"शाखा | २२,०००।- | सूचना प्रकाशन भएको मितिले १५औं दिनसम्म कार्यालय समय भित्र | गृह मन्त्रालय,सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म | सूचना प्रकाशन भएको मितिले १६ औं दिनको २:०० बजे |

हिरामणि श्रेष्ठ
०७४।१०।१२
शाखा अधिकृत